# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही
### लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं. ०७८/०७९(राजश्व)
च.न

**मिति २०७८/०४/२६**

## बुटवल उपमहानगरपालिकाको विभिन्न करहरु बुझाई छुट सुविधा उपयोग गर्ने सम्बन्धि सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९) का कारण सामाजिक आर्थिक क्षेत्रमा परेको नकारात्मक असरलाई मध्यनजर गरी चालु आ.व. २०७८/०७९ मा विभिन्न करदाताहरुलाई तोकिएको समयावधि भित्र कर बुझाएमा निर्धारित कर रकममा १५ देखि २५ प्रतिशत सम्म छुट दिने व्यवस्था आर्थिक ऐन २०७८ मा भएको हुँदा कानून बमोजिम प्राप्त हुने छुट लिई लाभान्वित हुन सम्पूर्ण नगरवासी तथा करदाता महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.न. | कर शिर्षक | छुट प्रतिशत | छुट सुविधा दिने समयावधि | कैफियत |
|---|---|---|---|---|
| १ | भूमिकर( मालपोत) | १५ प्रतिशत | २०७८ कार्तिक मसान्त सम्म | आ.व. २०७७/०७८ को बक्यौतामा जरिवाना मिन्हा हुने । |
| २ | सम्पत्ति कर | १५ प्रतिशत | २०७८ कार्तिक मसान्त सम्म | आ.व. २०७६/०७७ र २०७७/०७८ को बक्यौतामा जरिवाना मिन्हा हुने । |
| ३ | घर बहाल कर | २५ प्रतिशत<br>१५ प्रतिशत<br>५ प्रतिशत | २०७८ कार्तिक मसान्त सम्म<br>२०७८ फागुन मसान्त सम्म<br>२०७९ आषाढ मसान्तसम्म | आ.व. २०७६/०७७ को बक्यौतामा जरिवाना मिन्हा हुने । |
| ४ | पेशा व्यवसाय कर | २५ प्रतिशत<br>१५ प्रतिशत<br>५ प्रतिशत | २०७८ कार्तिक मसान्त सम्म<br>२०७८ फागुन मसान्त सम्म<br>२०७९ आषाढ मसान्तसम्म | आ.व. २०७६/०७७ को बक्यौतामा जरिवानामा जरिवाना मिन्हा हुने । |
| ५ | सम्पत्तिकर, घर वहाल कर र पेशा व्यवसाय करमा महिला,अपाङ्गता भएका व्यक्ति र यौनिक लैङ्गिक अल्पसंख्यक कर दातालाई उपरोक्त वमोजिमको छुट सहित थप ५ प्रतिशत छुट उपलव्ध हुनेछ । | | | |

**६.व्यवसाय कर सम्बन्धमा गरिएको थप कानूनी व्यवस्थाहरु:-**

क) नेपाल सरकार/ प्रदेश सरकारका विभिन्न निकायमा दर्ता भएका तर विभिन्न कारणबाट यस कार्यालयमा व्यवसाय दर्ता गर्न छुट भएका तथा विगतमा यस कार्यालयमा दर्ता भई लामो समयदेखि नविकरण गर्न विभिन्न कारणले छुट भएका व्यक्ति, फर्म, संस्था तथा कम्पनीहरुलाई व्यवसाय करको दायरामा ल्याउन निम्न वमोजिम आधार वर्ष गणना गरी छुट गरी व्यवसाय दर्ता र नविकरण गरिनेछ ।

- ✓ २०७८ पौष मसान्तभित्रै दर्ता/नवीकरण गरेमा आ.व.२०७६/०७७ लाई आधार वर्ष मानिनेछ ।
- ✓ २०७९ असार मसान्तभित्रै दर्ता/नवीकरण गरेमा आ.व. २०७४/०७५ लाई आधार वर्ष मानिनेछ ।

ख) दर्ता पुजी पाँच लाखसम्म राखी दर्ता हुने साना उद्यम व्यवसायहरु नगरपालिकामा पहिलो पटक व्यवसाय दर्ता हुन आउँदा तोकिएको व्यवसाय करमा ५० प्रतिशत छुट दिईनेछ ।

ग) उल्लेखित सवै किसिमका कर निर्धारण तथा असुली सम्बन्धित वडा कार्यालयबाटै हुने व्यहोरा समेत अनुरोध छ ।

**७.सम्पत्ति वहाल संवन्धी व्यवस्था:**

वुटवल उपमहानगरपालिकाका संरचना/सटर वहालको संझौता भएका व्यवसायीहरुलाई लकडाउन अवधि मध्ये १.५ महिनाको वहाल रकम छुट दिने र २०७८ आषाढ मसान्तमा संझौता समाप्त हुनेहरुको हकमा संझौताको म्याद २०७९ आषाढ मसान्तसम्म थप गर्ने निर्णय भएकोले समयमै वहाल वक्यौता वुझाई थप अवधिका लागि संझौता गर्न आउनु हुन समेत अनुरोध छ ।

अनुरोधक:
वुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(राजश्व प्रशासन शाखा)